**रंगेली नगरपालिकाको उप प्रमुख श्री केशव कुमारी खराल ज्यूले २०७५/०३/१० गते प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७५/७६ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट**

**श्रध्देय सभाध्यक्ष महोदय,**

**नगर कार्यपालिका सदस्य ज्यू,**

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

रंगेली नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/७६ को नीति , कार्यक्रम तथा वजेट यस सम्मानीत नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा सर्व प्रथम गौरव महशुस गर्दछु । बजेट प्रस्तुत गरिरहेको यो अवसरमा म संघीय लोकतान्त्रीक गणतन्त्र , स्थापनाको लागी जिवन आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुलाई स्मरण गर्दै श्रध्दान्जली अर्पण गर्दछु । गत वर्षको बजेट कार्यान्वयनको अन्तिम चरणमा तथा आगामी आर्थिक वर्षको बजेट निर्माणको महत्त्वपूर्ण समयमा श्रध्देय सभाका सभाध्यक्ष तथा नगर प्रमुखको स्वास्थ्यमा गम्भिर समस्या भई उपचारार्थ लामो समय भारत जानुपर्दा हामी अभिभावक विहिन भइ बजेट प्रक्रिया समेत प्रभावित भयो । आफ्नो कमजोर स्वास्थ्य अवस्थाका बावजुद यस रंगेली नगरपालिकाका जनता प्रति अगाध सदभाव र स्नेहका कारण यस दोश्रो नगरसभाको उद्घाटन सत्रमा उपस्थित भई अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष तथा नगर प्रमुखको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । प्रथम नगर सभावाट पारित नीति , कार्यक्रम तथा बजेट कार्यान्वयन गरी अन्तिम चरणमा रहेको हालको अवस्थामा विगतको अनुभव , कमजोरी, उपलब्धी र सिकाइवाट आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम ल्याउने प्रयास गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

स्थानीय तहको ऐतिहासिक निर्वाचन सम्पन्न भए पश्चातको पहिलो वर्षको बजेट तर्जुमा गर्न विगत वर्षको वाढीको प्रकोप , प्रदेश तथा संघीय चुनाव , स्थानिय सरकारको नयाँ अनुभवका कारण आर्थिक वर्षको आधा समय सकिएपछि मात्र हामी नगर सभा गर्न सफल भयौं । ढिलो नगरसभा हुँदा स्वभाविक रुपमा हाम्रो योजना तथा कार्यक्रमहरु प्रभावित भए । चुनाव ताका जनतासंग गरिएका वाचा र प्रतिवध्दता अनुरुप थुप्रै स-साना कार्यक्रमहरु लाई सम्वोधन गरी वजेट विनियोजन गर्नुपर्ने वाध्यता पनि हामी सामु थियो । नगरपालिकाको भौतिक पुर्वाधार ज्यादै कमजोर थियो, वडा कार्यालयहरु स्थापना हुन सकेका थिएनन् , त्यसतर्फ पनि वजेट विनियोजन गर्नुपर्ने हाम्रो बाध्यता थियो । आगामी आर्थिक वर्षमा हामीले यस

आर्थिक वर्षमा हासिल गरेका उपलब्धिहरुलाई टेकेर जनताको अपेक्षा अनुरुप ठुला , ठोस र दिगो प्रतिफल दिने योजनाहरु संचालन गर्नु जरुरी छ ।

**सभाध्यक्ष महोदय,**

ऐतिहासिक, सांस्कृतिक र प्राचीन महत्त्व रहेको सय वर्ष भन्दा पुरानो यस रंगेली नगरपालिकामा विकासका प्रचुर सम्भावनाहरु रहेका छन् । ठुलो मात्रामा उर्वर खेती योग्य जमीन प्रशस्त खुला र सार्वजनिक जमिन, लगनशील र मेहनती जनता हाम्रो ठुला सम्पत्ती हुन् । हाम्रा अवसरहरुको सहि सदुपयोग हुन नसक्दा यहाँका वासिन्दाको आर्थिक , सामाजिक , शैक्षिक अवस्था तुलनात्मक रुपले वरपरका नगरपालिका भन्दा निकै कमजोर रहनु अत्यन्तै दुखद छ । राज्यको पुनरसंरचनापछि ठुलो भौगोलिक क्षेत्र समेत कायम भई निर्वाचित जनप्रतिनिधीहरु समेत बहाल भई सकेको वर्तमान अवस्थामा अगामी दिनमा नयाँ सोचका साथ विधि, पध्दती र प्रक्रियाको अवलम्वन गरी ठोस र दिर्घकालिन महत्त्वका योजना सहित हामी तिव्र रुपमा अगाडी वढ्नुपर्ने अवस्था छ ।

**सभाध्दक्ष महोदय,**

अव म यस रंगेली नगरपालिको आर्थिक वर्ष २०७५/७६ को नीति , कार्यक्रम तथा बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिएका आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची
- नेपालको संविधान २०७२ मा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग -४ अन्तर्गतका राज्यका आर्थिक , सामाजिक विकास, श्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धी नितीहरु धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली
- नेपाल सरकारवाट अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले लिएका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४
- विकासमा समसामयिक मुद्दाहरु जस्तै :- सामाजिक संरक्षण , दिगो विकास , जलवायु परिवर्तन, विपद व्यवस्थापन खाध्य तथा पोषण सुरक्षा , लैगिक

सशक्तिकरण तथा समावेशी विकास , वालमैत्री स्थानीय शासन , वातावरण मैत्री स्थानीय शासन , खुल्ला दिशा मुक्त र पुर्व सरसफाई लगायतका सम्वन्धित विषायहरु ।

**सभाध्यक्ष महोदय,**

**<u>आर्थिक वर्ष २०७५/०७६ को वजेटका निम्न उदेश्यहरु रहेका छन ।</u>**

I. भौतिक पुर्वाधार विकास, रोजगारी श्रृजना, सामाजिक विकास र गरिबी निवारण लाई विशेष प्राथमिकता दिई अगाडि वढ्ने ।

II. सेवा प्रवाहमा सहजता , पारदर्शिता, शिघ्रता, गुणस्तरियता र उत्तरदायी सेवाको सुनिश्चीतता गर्ने।

III. स्थानीय सरकार र नगरपालिका प्रति आम नागरिकहरुको आस्थालाई अभिवृध्दि गर्ने ।

IV. महिला, वालवालिका तथा पिछडिएका क्षेत्र र समुदाय , लक्षीत वर्गको सशक्तिकरण गर्ने ।

V. नगरवासीको प्रत्यक्ष जनसहभागितामा आधारित विकासपध्दती अवलम्वन गर्ने ।

VI. दिगो विकास, वातावरण संरक्षण र सम्वर्ध्दनमा सहयोग गर्ने ।

उपरोक्त उदेश्यहरु पुरा गर्ने आर्थिक वर्ष २०७५/७६ को नीति कार्यक्रम तथा वजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन्

१. सडक पुर्वाधार निर्माण र स्तरान्नती
२. कृषिको आधुनिकिकरण र व्यवसायीकरण
३. वातावरण संरक्षण
४. रोजगारी श्रृजना
५. प्रतिव्यक्ती आम्दानी वृध्दि
६. पर्यटकीय स्थलहरुको प्रवर्द्धन र विकास
७. संस्थागत क्षमतामा वृध्दि
८. सेवा प्रवाहमा प्रभावकारीता
९. प्रविधिको उपयोग
१०. सहकारी क्षेत्रको सुदृढीकरण
११. सुशासनमा जोड

**<u>आर्थिक वर्ष २०७५/७६ का वजेटका नीतिहरु</u>**

१. यस रंगेली नगरपालिका नयाँ शहर अन्तर्गत छनौट भइ २० वर्षे गुरु योजना निर्माण गर्ने शहरी विकास मन्त्रालय मार्फत परामर्शदाता छनौट भइ काम समेत शुरु भइ सकेकोले उक्त योजना अनुरुप चालु वर्षका योजनाहरु संचालन गर्ने

नीति लिइनेछ । आगामी चार वर्ष भित्रमा सवै वडाहरुको वडा कार्यालयमा कालो पत्रे सडक पुर्याइने र ४ वटा वडा( २, ४, ६, ९) को वडा कार्यालयको लागी जग्गा प्राप्त गरी भवन निर्माण गरिनेछ ।

२. यस रंगेली नगरपालिका भित्रका सार्वजनीक जग्गा तथा स्थानहरुको संरक्षण गर्ने सुकुम्वासी व्यवस्थापनका लागि आवश्यक नीति लिइने छ ।

३. १ नं. प्रदेशको राजधानी समेत रहेको विराटनगर महानगरपालिका वाट नजिक रहेके यस नगरपालिकालाई औध्योगिक नगरीको रुपमा विकास गर्न निजी क्षेत्र संगको समन्वयमा आवश्यक नीति लिइनेछ ।

४. संसारी माई , तिरुपति पार्क , रंगेली क्याम्पस , गौशाला , मलंङाथान सिमसार लगायतका क्षेत्रलाई समेटी एकिकृत पर्यटकीय स्थलको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

५. हाल यस नगरपालिका भित्र रहेका सामुदायीक र निजी विद्यालयहरुवाट प्रदान गरिदै आएको शिक्षाको गुणस्तर अभिवृध्दि र समानता कायम राख्न नगर शिक्षा कार्यविधि तर्जुमा गरी प्रभावकारी नियमन गर्ने नीति लिइनेछ ।

६. यस नगरपालिका भित्रका स्वास्थ्य केन्द्र , सरकारी तथा निजी अस्पताल , शहरी स्वास्थ्य केन्द्रको स्तरोन्नतिमा जोड दिदै सवै नागरिकहरुलाई गुणस्तरीय र सर्वशुलभ स्वास्थ्य सेवा प्रवाहका लागि जोड दिने नीति लिइने छ ।

७. यस नगरपालिका भित्र नयाँ निर्माण हुने भवनहरुको नक्सा पास प्रक्रियालाई शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड २०७२ अनुसार कडाइका साथ कार्यान्वयव गरी वस्ती विकास योजना लागुगर्ने नीति लिइनेछ ।

८. यस नगरपालिकाको संस्थागत क्षमता विकास गरी सेवा मापदण्डका आधारमा सूचना मैत्री प्रविधिको प्रयोग गरी छिटो , छरितो, चुस्त, दुरुस्त एवं पारदर्शि रुपमा सेवा प्रवाह गर्ने नीति लिइनेछ ।

९. यस रंगेली नगरपालिकाको आर्थिक उन्नतीको लागि राजश्वमा नयाँ श्रोतहरुको खोजी गरी नगरपालिकाको राजश्व अभिवृध्दि गर्न सम्पत्ती कर लागु गरिनेछ । साथै वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण कायम राख्न सो संग सम्वन्धित कानुन र सुशासनको मुलभूत मान्यतालाई कडाइका साथ अवलम्वन गरिने नीति लिइनेछ ।

१०. यस रंगेली नगरपालिका क्षेत्रभित्रका सवै लक्षित वर्ग (महिला , बालवालिका , आदीवासी जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति , युवा , दलित, पिछडा वर्ग , मुस्लिम , अल्पसंख्यक , विपन्न जातजाती ) को उत्थानका लागि विषेश कार्यक्रम ल्याइनेछ ।

११. स्थानीय स्तरमा सहकारी क्षेत्रको सुदृढीकरण र प्रवर्धनको निम्ती सहकारी कानून नियम निर्देशिका लागु गरी सहकारी संस्थाको क्षमता अभिवृध्दी गर्ने कार्यक्रम ल्याइनेछ ।

**सभाध्यक्ष महोदय,**

अव म आ.व. २०७५/७६ को लागि आम्दानी तर्फको वजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।

शिर्षकगत आम्दानीको विवरण

| सञ्चित कोमा जम्मा हुने रकम | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **शिर्षकको नाम** | **चालु तर्फ** | **पूंजीगत तर्फ** | **जम्मा** |
| १ | २ | ३ | ४ | ५ |
| १ | संघीय सरकारको स-शर्त अनुदान | १७,८९,७४,००० | १९,२६,००० | १८,०९,००,००० |
| २ | संघीय सरकारको सामानिकरण अनुदान | ० | १५,०१,००,००० | १५,०१,००,००० |
| ३ | संघीय सरकारको राजश्व वाँडफाँड | ९,२१,८६,००० | ० | ९,२१,८६,००० |
| ४ | प्रदेश सरकारको स-शर्त अनुदान | ० | १,००,००,००० | १,००,००,००० |
| ५ | प्रदेश सरकारको सामानिकरण अनुदान | ० | ४०,०२,००० | ४०,०२,००० |
| ६ | आन्तरिक आम्दानी | ३,५०,००,००० | ० | ३,५०,००,००० |
| ७ | सामाजिक सुरक्षा भत्ता | ७,५०,००,००० | ० | ७,५०,००,००० |
| ८ | सिमा क्षेत्र कार्यक्रम | ० | ३६,६७,००० | ३६,६७,००० |
| ९ | सडक वोर्ड अनुमान | ० | ४०,००,००० | ४०,००,००० |
| | स्थानी शासन तथा सामुदायीक विकास कार्यक्रम(LGCDP) | २०,००,००० | ० | २०,००,००० |
| १० | अन्य संघ संस्था तथा मौज्दात | ० | २,५०,००,००० | २,५०,००,००० |
| ११ | ऋण अनुदान | ० | ५,००,००,००० | ५,००,००,००० |
| १२ | लागत सहभागीता | ० | १,५०,००,००० | १,५०,००,००० |
| **जम्मा** | | **३८,३१,६०,०००** | **२५,९६,९५,०००** | **६४,२८,५५,०००** |

चालु तर्फ रु. **३८,३१,६०,०००** पुँजीगत रु. **२५,९६,९५,०००** गरी कुल जम्मा रु. **६४,२८,५५,०००** संचित कोषमा जम्मा हुने अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

सिमित श्रोत साधनका वावजुद नगरवासीको अपेक्षा र आवश्कतालाई पुरा गर्न यो बजेट तथा कार्यक्रमलाई यथा सम्भव जनमुखी ,  समावेशी र परिणाममुखी वनाउने प्रयास गरिएको छ । नगरवासीका कतिपय जल्दावल्दा र अपरिहार्य मागहरुलाई अगामी योजनाहरुमा समेटीने  प्रतिवध्दता समेत व्यक्त गर्दछु ।

**अन्त्यमा**

ऐतिहासिक र प्राचीन महत्त्व रहेको यस रंगेली नगरपालिकाको दोश्रो नगरसभामा प्रत्यक्ष र परोक्ष भुमिका निर्वाह गर्नुहुने श्रध्देय नगर प्रमुख ज्यू , वडाध्यक्ष ज्यूहरु, नगर कार्यपालिकाका सदस्य ज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा पनि यहाहरुको सक्रिय सहभागीता र सहयोगको अपेक्षा गर्दछु ।

केशव कुमारी खराल
नगर उप प्रमुख
रंगेली नगरपालिका
१ नं. प्रदेश मोरङ
मिति २०७५-०३-१० गते आइतवार